नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# पाठ्यक्रम विकास केन्द्र
(मान्यता समकक्षता तथा मूल्याङ्कन ...... शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स: ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्या:- ०७९/८०
चलानी नं.:- ४६३

मितिः २०८०।०१।०४

विषय : स्वीकृत प्राप्त पाठ्यसामग्री मात्र लागु गर्ने गराउने सम्बन्धी सूचना

प्रस्तुत विषयमा आठराई पब्लिकेशन र ओएसिस पब्लिकेशन प्रा.लि. अनामनगर काठमाडौंले मिति २०८० वैशाख ०१, ०२, र ०३ गते राष्ट्रिय दैनिक पत्रिका **"राजधानी"** मा पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरबाट स्वीकृत प्राप्त भएका पुस्तकहरूको मुल्य सूची सहितको अत्यन्त जरुरी सार्वजनिक सूचना प्रकाशन गर्नुका साथै यस केन्द्रमा पेस गरेको पत्रानुसार पब्लिकेशनका पाठ्यसामग्रीहररूमा त्रुटि भेटिएकाले कम्पनीका आधिकारिक स्वीकृत र पेज सङ्ख्या तोकिएका पुस्तकहरू मात्र विक्री वितरण गर्न डिस्ट्रिब्युटर्स तथा पुस्तक पसलहरूलाई र सूचनामा उल्लेखित पुस्तकहरू मात्र खरिद गर्नका लागि अभिभावक, विद्यार्थी, शिक्षकहरूलाई अनुरोध गरेको देखिन आएकाले उक्त पब्लिकेशन लगायत यस केन्द्रसँग सम्बन्धित अन्य पब्लिकेशनहरूले समेत पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरबाट स्वीकृत प्राप्त भएका पुस्तकहरुको तोकिएको पेज अनुसारको मुल्यसूचीसहितका पाठ्यसामग्री विक्री वितरण गर्न गराउनुहुन जानकारी गराइन्छ। साथै यस केन्द्रको बेवसाइट **www.moecdc.gov.np** को "**Additional Book List**" बमोजिम सूची प्रकाशन गरिएको पाठ्यसामग्रीहरू मात्र विक्री वितरण गर्न गराउन डिस्ट्रिब्युटर्स तथा पुस्तक पसलहरूलाई र यस केन्द्रको बेवसाइटमा सूची प्रकाशन भएका पाठ्सामग्री मात्र खरिद गर्न अभिभावक, विद्यार्थी र शिक्षकहरूलाई अनुरोध गरिन्छ। यदि यस केन्द्रबाट स्वीकृत नपाएका पाठ्यसामग्रीहरू विक्री वितरण गरेको र विद्यालयमा प्रयोग भएको पाइएमा कानुनअनुसार कारवाही हुने व्यहोरासमेत जानकारी गराइन्छ ।

तारा पाण्डे तिवारी
शाखा अधिकृत